विधेयक संख्याः

# सार्वजनिक सेवा प्रसारण  सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

नेपालको संविधानले प्रत्याभूत गरेको सूचनाको हक तथा बिचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्न सार्वजनिक सेवा प्रसारण सम्बन्धी नयाँ कानूनको मस्यौदा गर्नुपर्ने भएको छ। राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रुपमा रुपान्तरण गरी लोकतान्त्रिक मूल्य मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी रुपमा सञ्चालन गरिने व्यवस्था रहेको तथा वर्तमान अवस्थामा रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टाछुट्टै रुपमा सञ्चालन भइरहेको सन्दर्भमा यी दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गर्दा एउटा सदृढ, सवल र सशक्त सार्वजनिक सेवा प्रसारकको स्थापना भई सार्वजनिक प्रसारणको माध्यमबाट नागरिकलाई सुसुचित गराउन सकिने र यसका लागी कानून निर्माण गर्न आवश्यक भएकोले "सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" पेश गरेको छु।

१५ असार, २०७७
काठमाडौं ।

(डा.युवराज खतिवडा)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

## आर्थिक टिप्पणी

सरकारी सञ्चार माध्यमको रुपमा नेपाल टेलिभिजन र रेडियो नेपालले छुट्टा छुट्टै प्रसारण सेवा दिइरहेकोमा यी दुई संस्थालाई गाभी सार्वजनिक सेवा प्रसारण संस्थाको रुपमा स्थापना गर्ने र उक्त संस्थाको एक छुट्टै कोष रहने गरी प्रस्तुत विधेयक तयार भएको छ । सार्वजनिक सेवा प्रसारण संस्थाको कोषमा संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्था राखिएकोले नेपाल सरकारले सालवसाली रुपमा अनुदान दिनुपर्ने हुँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने देखिन्छ ।

(डा.युवराज खतिवडा)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौ

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्योजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ५ को खण्ड (ङ) | सार्वजनिक सेवा प्रसारण संस्थाको काम, कर्तव्य र अधिकार लाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले सार्वजनिक सेवा प्रसारण संस्थाको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | सार्वजनिक सेवा प्रसारण संस्थाको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| २ | दफा ६ को उपदफा (७) | बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्न | परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरी कार्यविधि बनाउने । | परिषद् को बैठक सम्बन्धी कार्यविधि निर्धारण भएको हुने । |
| ३ | दफा ७ को खण्ड (ङ) | परिषद्को काम, कर्तव्य र अधिकार लाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले परिषद्को थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने | परिषद्को काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ४ | दफा ८ को उपदफा (५) | कार्यकारी समितिको अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य तथा सदस्यको सुविधा तोक्न | अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तथा सदस्यको सुविधा नियमावलीले तोक्ने । | अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तथा सदस्यको सुविधा तोकिएको भई सो सम्बन्धी द्विविधा नरहने । |
| ५ | दफा १२ को खण्ड (ट) | कार्यकारी समितिको काम, कर्तव्य र अधिकार लाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले कार्यकारी समितिको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | कार्यकारी समितिको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ६ | दफा १५ को खण्ड (छ) | कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार लाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले कार्यकारी समितिको अध्यक्षको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने | कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ७ | दफा १७ को उपदफा (३) | प्रमुख प्रशासकीय अधिकृतको पदावधि, सेवाका शर्त र सुविधा तोक्न | प्रमुख प्रशासकीय अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु नियमावलीले तोक्ने । | प्रमुख प्रशासकीय अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका |

| | | | | |
|---|---|---|---|---|
| | | | | अन्य शर्तहरु तोकिएको भई सो सम्बन्धी द्विविधा नरहने । |
| ८ | दफा १८ को खण्ड (ङ) | प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारलाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले प्रमुख प्रशासकीय अधिकृतको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ९ | दफा २१ को उपदफा (२) | सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूहको काम, कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी कार्यविधि तोक्न आवश्यक रहेको | श्रोता तथा दर्शक समूहको काम, कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी कार्यविधि नियमावलीले तोक्ने । | सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूहको काम, कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी कार्यविधि स्पष्ट भई समूहले सहज रुपमा कार्य गर्न सक्ने । |
| १० | दफा २२ को उपदफा (३) | सार्वजनिक सेवा प्रसारण संस्थाको कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेको | सार्वजनिक सेवा प्रसारण संस्थाको कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था ऐन अन्तर्गत बन्ने नियमावलीले गर्ने । | सार्वजनिक सेवा प्रसारण संस्थाको कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक र सुविधा सम्बन्धमा प्रष्टता आउने । |
| ११ | दफा २४ को खण्ड (छ) | रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेको | रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन नेपाल सरकारले गर्ने । | रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन सुनिश्चित हुने । |
| १२ | दफा २८ | यो ऐन उदेश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको | नेपाल सरकारले यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरु बनाउनेछ । | नेपाल सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरु नियमावली मार्फत बनाएको हुने । |
| १३ | दफा २९ | यो ऐन वा ऐन अन्तर्गत बन्ने नियमावलीको अधिनमा रहि | यो ऐन वा ऐन अन्तर्गत बन्ने नियमावलीको अधिनमा रहि | सार्वजनिक सेवा प्रसारण संस्थाले आवश्यक कार्यविधि |

| | | | | |
|---|---|---|---|---|
| | | सार्वजनिक सेवा प्रसारण संस्थाले आवश्यक कार्यविधि तथा विनियमावली बनाई लागू गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको | सार्वजनिक सेवा प्रसारण संस्थाले आवश्यक कार्यविधि तथा विनियमावली बनाई लागू गर्न सक्ने सक्ने । | तथा विनियमावली बनाई लागू गरेको हुने । |

# सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: संविधानद्वारा प्रदत्त नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हक प्रत्याभूत गर्न, तटस्थ, निष्पक्ष, तथ्यपरक र बस्तुनिष्ठ सूचना, समाचार, शिक्षा, स्वास्थ्य, मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी राष्ट्रिय एकता एवं राष्ट्रिय हित प्रवर्धन गर्न तथा समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यऐनको नाम "सार्वजनिक सेवा प्रसारण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यकारी समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ६ बमोजिमको परिषद् सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दफा १७ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "प्रसारण" भन्नाले इसारा, श्रव्य, श्रव्यदृष्य, दृष्य तस्वीर वा अक्षरको सहायताले सूचना, सन्देश तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेका टेलिभिजन वा रेडियो मार्फत गरिने प्रसारण सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(छ) "सार्वजनिक सेवा प्रसारण संस्था" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सार्वजनिक सेवा प्रसारण संस्था सम्झनु पर्छ।

## परिच्छेद–२
## सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना तथा कार्य सम्बन्धी व्यवस्था

३. सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापनाः (१) सार्वजनिक प्रसारणलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन एक सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना गरिएको छ।

(२) सार्वजनिक सेवा प्रसारण संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र सो संस्थाले_आवश्यकता अनुसार अन्य स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापना भएको नेपाल टेलिभिजन र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ अन्तर्गत गठन भएको रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गरिनेछ।

४. सार्वजनिक सेवा प्रसारण संस्था स्वशासित संस्था हुनेः (१) सार्वजनिक सेवा प्रसारण संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) सार्वजनिक सेवा प्रसारण संस्थाको काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह चल वा अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो संस्था उपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्नेछ ।

(५) सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. सार्वजनिक सेवा प्रसारण संस्थाका कार्यहरुः सार्वजनिक सेवा प्रसारण संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछनः-

(क) भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा साँस्कृतिक सद्‌भाव कायम गर्ने, राष्ट्रिय हित र राष्ट्रियताको प्रवर्धन गर्ने, संघीय इकाइ बीचको सु-सम्बन्ध अभिवृद्धि गर्ने समाचार, सूचना, सन्देश र कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने,

(ख) विभिन्न जात, जाती, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गर्ने तथा विभिन्न वर्ग, क्षेत्र र समुदायको उत्थान र विकासका लागि कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,

(ग) सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,

(घ) नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकको सबै भूभागमा प्रसारणको पहुँच पु-याउने,

(ङ) प्रसारण क्षेत्रमा भएका विकास र नयाँ प्रविधिको अधिकतम उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत सूचना, सन्देश र मनोरञ्जन प्रदान गर्ने,

(च) सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्रभाषा, लोपोन्मुख मातृ भाषा, कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने,

(छ) जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपतकालीन अवस्था सम्बन्धी सूचना तथा पूर्व जानकारी प्रवाह गरी जनचेतना जगाउने,

(ज) सचेतनामूलक र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,

(झ) ज्ञान, विज्ञान र प्रविधि प्रवर्धन गर्ने कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,

(ञ) मुलुकको समग्र विकासमा योगदान दिने खालका कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने,

(ट) आफूले प्रसारण गरेका कार्यक्रमको अनलाइन प्रकाशन तथा प्रसारण गर्ने,

(ठ) कृषि, पर्यटन र प्राकृतिक श्रोत जस्ता विषयमा खोजमूलक तथ्यहरु प्रचारमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्धन गर्दै नेपालको अर्थव्यवस्थालाई सबल बनाउन सहयोग पुर्‍याउने कार्यक्रम प्रसारण गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

## परिच्छेद–३
## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

६. परिषद्को गठनः (१) सार्वजनिक सेवा प्रसारण संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नु पर्ने कार्यको लागि नीतिगत निर्देशन दिन एक परिषद्को गठन हुनेछ ।

(२) परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | -सदस्य |

| | | |
|---|---|---|
| (ङ) | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (च) | विभिन्न पेशाकर्मी र समाजसेवीहरु मध्येबाट प्रत्येक प्रदेश सरकारबाट एक एक जनाको दरले मनोनीत सात जना | -सदस्य |
| (छ) | पिछडा वर्ग, अल्पसंख्यक, किसान, श्रमिक, पिछडिएको क्षेत्र, पर्यटन, शिक्षा क्षेत्रको प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनीत कम्तिमा दुई जना महिला सहित सात जना | -सदस्य |
| (ज) | जिल्ला समन्वय महासंघ, गाउँपालिका महासंघ र नगरपालिका संघको प्रतिनिधि | -सदस्य |
| (झ) | दफा २१ बमोजिम गठन भएको श्रोता तथा दर्शक समूहका कम्तीमा एक जना महिला सहित मन्त्रालयबाट मनोनीत तीन जना | -सदस्य |
| (ञ) | अध्यक्ष, चलचित्र विकास वोर्ड | -सदस्य |
| (ट) | अध्यक्ष, नेपाल पत्रकार महासंघ | -सदस्य |
| (ठ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (ड) | अध्यक्ष, नेपाल विज्ञापन संघ | -सदस्य |
| (ढ) | मान्यता प्राप्त विश्वविद्यालयका पत्रकारिता विषयका प्राध्यापक वा सहप्राध्यापकहरु मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना | -सदस्य |
| (ण) | अध्यक्ष, कार्यकारी समिति | -सदस्य-सचिव |

(३) परिषद्को सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(४) परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ ।

(५) परिषद्को बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) उपदफा (१) को खण्ड (च), (छ), (झ) र (ढ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

७. परिषद्को काम, कर्तव्य र अधिकार: परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) ( सार्वजनिक सेवा प्रसारण संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,

(ख) सार्वजनिक सेवा प्रसारण संस्थाका अध्यक्ष, सदस्य र कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने वा गराउने,

(ग) सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक योजना तथा कार्यक्रम अनुसार भएका कार्यहरुको समीक्षा गर्ने,

(घ) सार्वजनिक सेवा प्रसारण सम्बन्धमा अपनाउनु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–४
## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

८. कार्यकारी समितिको गठनः (१) सार्वजनिक सेवा प्रसारण संस्थामा देहाय बमोजिमको एक कार्यकारी समितिको गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले नियुक्त गरेको व्यक्ति | -अध्यक्ष |
| (ख) | मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत | -सदस्य |
| (ग) | मन्त्रालयले मनोनीत गरेको कम्तिमा एक जना महिला सहित तीन जना | -सदस्य |

(२) कार्यकारी समितिको अध्यक्ष सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी प्रमुख हुनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कार्यकारी समितिको सचिव भई काम गर्नेछ ।

(४) अध्यक्ष र उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(५) अध्यक्षको पारिश्रमिक, सेवा, शर्त र सुविधा तथा सदस्यको सुविधा तोकिए बमोजिम हुनेछ।

९. <u>कार्यकारी समितिको अध्यक्ष र सदस्यको योग्यता:</u> कार्यकारी समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैतीस वर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, बजार व्यवस्थापन, सूचना प्रविधि वा प्रसारण सम्बन्धी इन्जिनियरिङ्ग क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको,

(ङ) सदस्यको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी टेलिभिजन, रेडियो र प्रसारण प्रविधिको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(च) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(छ) आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको ।

१०. <u>कार्यकारी समितिको अध्यक्ष र सदस्यको अयोग्यता:</u> देहायका व्यक्ति कार्यकारी समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,

(ख) भ्रष्टाचार, जवरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) दफा ९ बमोजिमको योग्यता नभएको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य भएको।

११. <u>कार्यकारी समितिको अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था:</u> देहायको अवस्थामा कार्यकारी समितिको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ।

(क) अध्यक्षले नेपाल सरकार समक्ष र सदस्यले मन्त्रालय समक्ष लिखित राजिनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा १४ बमोजिम पदबाट हटाइएमा,

(घ) दफा १० बमोजिम अयोग्य भएमा,

(ङ) निजको उमेर साठी वर्ष पूरा भएमा,

(च) निजको मृत्यु भएमा।

१२. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक सेवा प्रसारण संस्थाको बार्षिक नीति, योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ख) सार्वजनिक सेवा प्रसारण संस्थाको बार्षिक प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,

(ग) सार्वजनिक सेवा प्रसारण संस्थाको आचार संहिता, मापदण्ड, सम्पादन गुणस्तर तथा कार्यक्रम निर्देशिका जारी गर्ने,

(घ) सार्वजनिक सेवा प्रसारण संस्थाको समग्र व्यवस्थापनको रेखदेख, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,

(ङ) सम्पादकीय स्वतन्त्रता र निष्पक्षताको संरक्षणका लागि आवश्यक कार्य गर्ने,

(च) सार्वजनिक सेवा प्रसारण संस्थाबाट सम्पादन हुने कामको कार्ययोजना बनाई लागू गर्ने वा गराउने,

(छ) प्रसारणसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ज) समाचार तथा कार्यक्रमलाई गुणस्तरयुक्त बनाउन आवश्यक कार्य गर्ने,

(झ) प्रमुख प्रशासकीय अधिकृतको कामको मूल्याङ्कन तथा अनुगमन गर्ने,

(ञ) सार्वजनिक सेवा प्रसारण संस्थाको कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१३. <u>कार्यकारी समितिको बैठक र निर्णयः</u> (१) कार्यकारी समितिको बैठक कम्तीमा महिनाको एक पटक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(३) कार्यकारी समितिको कूल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) कार्यकारी समितिको निर्णय बहुमतबाट हुनेछ। कुनै विषयमा बैठकमा वहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(६) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. कार्यकारी समितिको अध्यक्ष र सदस्यलाई पदबाट हटाउने सकिनेः (१) दफा ८ को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आधारमा कार्यकारी समितिको अध्यक्षलाई नेपाल सरकार र सदस्यलाई मन्त्रालयले पदबाट हटाउन सक्नेछः-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा,

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा,

(घ) कार्यसम्पादन सम्झौता बमोजिम काम नगरेमा,

(ङ) सार्वजनिक सेवा प्रसारण संस्थाको हित विपरीत हुने कुनै काम गरेमा,

(च) मानसिक अस्वस्थताको कारणले काम कारवाही गर्न असमर्थ भएमा ।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु पूर्व त्यस्तो अध्यक्ष तथा सदस्यलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

१५. कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्ने,

(ख) कार्यकारी समितिको बैठकको कार्यसूची तयार गर्ने वा गराउने,

(ग) परिषद्को बैठक व्यवस्थापन गर्ने,

(घ) परिषद् तथा कार्यकारी समितिको बैठकका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) मन्त्रालयको स्वीकृति लिई सार्वजनिक सेवा प्रसारण संस्थाको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थासँग सम्बन्ध स्थापित गर्ने,

(च) सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी समितिले अधिकार प्रत्यायोजन गरेका कार्य गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१६. कार्यकारी समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा बैठक र निर्णयः (१) कार्यकारी समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा मन्त्रालयले तोकेको कार्यकारी समितिको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको कार्यकारी समितिको सदस्यले अर्को व्यवस्था नभएसम्म कार्यबाहक अध्यक्षको हैसियतमा कार्यकारी समितिको बैठक बोलाउन र कार्यकारी समितिको सम्पूर्ण काम कारबाही सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद–५
## प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति तथा सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था

१७. प्रमुख प्रशासकीय अधिकृतको नियुक्तिः (१) कार्यकारी समितिको अध्यक्षको सामान्य निर्देशन तथा नियन्त्रणमा रही सार्वजनिक सेवा प्रसारण संस्थाको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

(२) कार्यकारी समितिले सार्वजनिक सेवा प्रसारण संस्थाको वरिष्ठ कर्मचारीहरु मध्येबाट सार्वजनिक सेवा प्रसारण संस्थाको प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतको पदावधि, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

१८. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी अध्यक्ष समक्ष पेश गर्ने,

(ख) वार्षिक कार्यक्रमको कार्यान्वयनको लागि कार्ययोजना बनाई अध्यक्ष समक्ष पेश गर्ने,

(ग) सार्वजनिक सेवा प्रसारण संस्थाका कर्मचारीको कार्यको रेखदेख, समन्वय, नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) अध्यक्षको निर्देशन अनुसार कार्यकारी समितिको बैठक बोलाउने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–६
## आर्थिक व्यवस्था

१९. सार्वजनिक सेवा प्रसारण संस्थाको कोषः (१) सार्वजनिक सेवा प्रसारण संस्थाको काम कारबाहीलाई प्रभावकारी रुपले सञ्चालन गर्न एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान,

(ग) विदेशी सरकार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

(घ) सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

२०. लेखापरीक्षणः (१) कोषको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम राखिनेछ।

(२) सार्वजनिक सेवा प्रसारण संस्थाको कोषको प्रचलित संघीय कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ।

(३) सार्वजनिक सेवा प्रसारण संस्थाको कोषको आय-व्ययको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

## परिच्छेद–७
## विविध

२१. श्रोता तथा दर्शक समूह गठन गर्न सकिनेः (१) सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समूहको काम, कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२२. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्नो कार्य सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) यो ऐन प्रारम्भ भएपछि सार्वजनिक सेवा प्रसारण संस्थामा कुनै विज्ञ व्यक्ति वा समाचार वाचकलाई करार सेवा वा ज्यालादारीमा काममा लगाउन सकिनेछ।

(३) यस ऐन बमोजिम कर्मचारीको नियुक्ति, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. प्रसारणमा फ्रिक्वेन्सीको सुनिश्चितताः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण फ्रिक्वेन्सीको पहिलो प्राथमिकता सार्वजनिक सेवा प्रसारण संस्थालाई दिनु पर्नेछ ।

(२) नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण संस्थालाई उपलब्ध गराउने प्रसारण फ्रिक्वेन्सीमा कुनै शुल्क लाग्ने छैन।

२४. संक्रमणकालीन व्यवस्थाः दफा ३ को उपदफा (३) बमोजिम नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा देहाय बमोजिम रुपान्तरण गरिनेछः-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत रहेका दरबन्दीहरुलाई सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरवन्दी पुनर्संरचना गरिनेछ।

(ख) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा कार्यरत स्थायी कर्मचारीहरु खण्ड (क) बमोजिम कायम गरिएको मिल्दो दरवन्दी (पद, तह र श्रेणी) मा समायोजन हुनेछन् ।

तर करारमा नियुक्त वा सम्झौता भई कार्यरत कर्मचारीहरुको हकमा सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता अनुसार मात्र व्यवस्थापन गरिनेछ।

(ग) खण्ड (ख) बमोजिम मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरुलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिनेछ।

तर सो अवधि अनिवार्य अवकाश हुने उमेर भन्दा बढी हुने गरी गणना गरिने छैन।

(घ) खण्ड (ख) बमोजिम समायोजन भएको कर्मचारीको सेवा सुविधा निजले खाईपाई आएको सेवा सुविधा भन्दा कम हुने छैन ।

(ङ) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेको नेपाल टेलिभिजन र रेडियो नेपालको चल, अचल सम्पति र दायित्व यो ऐन प्रारम्भ भएपछि सार्वजनिक सेवा प्रसारण संस्थाको नाउँमा सर्नेछ ।

(च) यो ऐन बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी समिति गठन नभएसम्म नेपाल टेलिभिजन र रेडियो नेपालको सञ्चालक समितिले यथावत रुपमा कार्य गर्ने छन्।

(छ) रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

२५. नेपाल सरकारले निर्देशन दिन सक्नेः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण संस्थालाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

२६. वार्षिक प्रतिवेदनः (१) सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय तोकिए बमोजिम हुनेछ।

२७. नेपाल सरकारसँग सम्पर्कः सार्वजनिक सेवा प्रसारण संस्थाले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२८. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२९. कार्यविधि तथा विनियमावली बनाउने अधिकारः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सार्वजनिक सेवा प्रसारण संस्थाले आवश्यक कार्यविधि तथा विनियमावली बनाई लागू गर्न सक्नेछ।

३०. खारेजी र बचाउः (१) सञ्चार संस्थान ऐन, २०२८ र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ खारेज गरिएको छ।

(२) सञ्चार संस्थान ऐन, २०२८ र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र. स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | यस दफामा ऐनको ठाउँ ठाउँमा दोहोरिएका शब्दहरूको परिभाषा स्पष्ट पार्न आवश्यक शब्दहरुको परिभाषा गरिएको छ । |
| २. | ३ | सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना | यस दफामा सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापना भएको नेपाल टेलिभिजन र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ अन्तर्गत गठन भएको रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गरि सार्वजनिक प्रसारणलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन एक सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना गर्ने व्यवस्था गरिएको छ । |
| ३. | ४ | सार्वजनिक सेवा प्रसारण संस्था स्वशासित संस्था हुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• सार्वजनिक सेवा प्रसारण संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।<br>• सार्वजनिक सेवा प्रसारण संस्थाको काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।<br>• सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह चल वा अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।<br>• सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो संस्था उपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्नेछ ।<br>• सार्वजनिक सेवा प्रसारण संस्थाले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ । |
| ४. | ५ | सार्वजनिक सेवा प्रसारण संस्थाका कार्यहरु | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाका कार्यहरु देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा साँस्कृतिक सद्‌भाव कायम गर्ने, राष्ट्रिय हित र राष्ट्रियताको प्रवर्धन गर्ने, संघीय इकाइ बीचको सु-सम्बन्ध अभिवृद्धि गर्ने समाचार, सूचना, सन्देश र कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने,<br>(ख) विभिन्न जात, जाती, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गर्ने तथा विभिन्न वर्ग, क्षेत्र र समुदायको उत्थान र विकासका लागि कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,<br>(ग) सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, |

| | | | |
|---|---|---|---|
| | | | (घ) नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकको सबै भूभागमा प्रसारणको पहुँच पु-याउने,<br>(ङ) प्रसारण क्षेत्रमा भएका विकास र नयाँ प्रविधिको अधिकतम उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत सूचना, सन्देश र मनोरञ्जन प्रदान गर्ने,<br>(च) सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्रभाषा, लोपोन्मुख मातृ भाषा, कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने,<br>(छ) जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपतकालीन अवस्था सम्बन्धी सूचना तथा पूर्व जानकारी प्रवाह गरी जनचेतना जगाउने,<br>(ज) सचेतनामूलक र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,<br>(झ) ज्ञान, विज्ञान र प्रविधि प्रवर्धन गर्ने कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने,<br>(ञ) मुलुकको समग्र विकासमा योगदान दिने खालका कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने,<br>(ट) आफूले प्रसारण गरेका कार्यक्रमको अनलाइन प्रकाशन तथा प्रसारण गर्ने,<br>(ठ) कृषि, पर्यटन र प्राकृतिक श्रोत जस्ता विषयमा खोजमूलक तथ्यहरु प्रचारमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्धन गर्दै नेपालको अर्थव्यवस्थालाई सबल बनाउन सहयोग पुऱ्याउने कार्यक्रम प्रसारण गर्ने,<br>(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने। |
| ५. | ६ | परिषद्को गठन | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नु पर्ने कार्यको लागि नीतिगत निर्देशन दिन सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी एक परिषद्को गठन हुने, परिषद्मा सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्ने,परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक बस्ने जस्ता व्यवस्थाहरु गरिएको छ । |
| ६. | ७ | परिषद्को काम, कर्तव्य र अधिकार | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• सार्वजनिक सेवा प्रसारण संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,<br>• सार्वजनिक सेवा प्रसारण संस्थाका अध्यक्ष, सदस्य र कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने वा गराउने,<br>• सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक योजना तथा कार्यक्रम अनुसार भएका कार्यहरुको समीक्षा गर्ने,<br>• सार्वजनिक सेवा प्रसारण सम्बन्धमा अपनाउनु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,<br>• तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने । |

| | | | |
|---|---|---|---|
| ७. | ८ | कार्यकारी समितिको गठन | यस दफामा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष रहने गरी एक कार्यकारी समितिको गठन हुने, कार्यकारी समितिको अध्यक्ष सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी प्रमुख हुने, प्रमुख प्रशासकीय अधिकृतले कार्यकारी समितिको सचिव भई काम गर्ने, अध्यक्षको पारिश्रमिक, सेवा, शर्त र सुविधा तथा सदस्यको सुविधा तोकिए बमोजिम हुने जस्ता व्यवस्थाहरु राखिएको छ । |
| ८. | ९ | कार्यकारी समितिको अध्यक्ष र सदस्यको योग्यता | यस दफामा कार्यकारी समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्ने व्यवस्था गरिएको छः-<br>(क) नेपाली नागरिक,<br>(ख) पैतीस वर्ष उमेर पूरा भएको,<br>(ग) उच्च नैतिक चरित्र भएको,<br>(घ) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, बजार व्यवस्थापन, सूचना प्रविधि वा प्रसारण सम्बन्धी इन्जिनियरिङ्ग क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको,<br>(ङ) सदस्यको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी टेलिभिजन, रेडियो र प्रसारण प्रविधिको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,<br>(च) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(छ) आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको |
| ९. | १० | कार्यकारी समितिको अध्यक्ष र सदस्यको अयोग्यता | यस दफामा देहायका व्यक्ति कार्यकारी समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन अयोग्य मानिने व्यवस्था गरिएको छः-<br>(क) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,<br>(ख) भ्रष्टाचार, जवरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,<br>(ग) दफा ९ बमोजिमको योग्यता नभएको,<br>(घ) प्रचलित कानून बमोजिम अयोग्य भएको। |
| १०. | ११ | कार्यकारी समितिको अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था | यस दफामा देहायको अवस्थामा कार्यकारी समितिको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिने व्यवस्था गरिएको छः-<br>(क) अध्यक्षले नेपाल सरकार समक्ष र सदस्यले मन्त्रालय समक्ष लिखित राजिनामा दिएमा,<br>(ख) निजको पदावधि पूरा भएमा,<br>(ग) दफा १४ बमोजिम पदबाट हटाइएमा,<br>(घ) दफा १० बमोजिम अयोग्य भएमा,<br>(ङ) निजको उमेर साठी वर्ष पूरा भएमा,<br>(च) निजको मृत्यु भएमा। |

| | | | |
|---|---|---|---|
| | | | |
| ११. | १२ | कार्यकारी समितिको काम, कर्तव्य र अधिकार | यस दफामा कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) सार्वजनिक सेवा प्रसारण संस्थाको बार्षिक नीति, योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,<br>(ख) सार्वजनिक सेवा प्रसारण संस्थाको बार्षिक प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,<br>(ग) सार्वजनिक सेवा प्रसारण संस्थाको आचार संहिता, मापदण्ड, सम्पादन गुणस्तर तथा कार्यक्रम निर्देशिका जारी गर्ने,<br>(घ) सार्वजनिक सेवा प्रसारण संस्थाको समग्र व्यवस्थापनको रेखदेख, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,<br>(ङ) सम्पादकीय स्वतन्त्रता र निष्पक्षताको संरक्षणका लागि आवश्यक कार्य गर्ने,<br>(च) सार्वजनिक सेवा प्रसारण संस्थाबाट सम्पादन हुने कामको कार्ययोजना बनाई लागू गर्ने वा गराउने,<br>(छ) प्रसारणसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने वा गराउने,<br>(ज) समाचार तथा कार्यक्रमलाई गुणस्तरयुक्त बनाउन आवश्यक कार्य गर्ने,<br>(झ) प्रमुख प्रशासकीय अधिकृतको कामको मूल्याङ्कन तथा अनुगमन गर्ने,<br>(ञ) सार्वजनिक सेवा प्रसारण संस्थाको कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,<br>(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने । |
| १२. | १३ | कार्यकारी समितिको बैठक र निर्णय | यस दफामा कार्यकारी समितिको बैठक कम्तीमा महिनाको एक पटक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने,कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने, कार्यकारी समितिको कूल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने , कार्यकारी समितिको निर्णय बहुमतबाट हुने, कुनै विषयमा बैठकमा वहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णायक मत दिने, बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्ने, कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्थाहरु गरिएको छ । |
| १३. | १४ | कार्यकारी समितिको अध्यक्ष र सदस्यलाई पदबाट हटाउने सकिने | यस दफामा देहायका आधारमा कार्यकारी समितिको अध्यक्षलाई नेपाल सरकार र सदस्यलाई मन्त्रालयले पदबाट हटाउन सक्ने व्यवस्था गरि पदबाट हटाउनु पूर्व त्यस्तो अध्यक्ष तथा सदस्यलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्ने व्यवस्था गरिएको छः-<br>(क) कार्यक्षमताको अभाव भएमा,<br>(ख) खराब आचरण भएमा, |

| | | | |
|---|---|---|---|
| | | | (ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा,<br>(घ) कार्यसम्पादन सम्झौता बमोजिम काम नगरेमा,<br>(ङ) सार्वजनिक सेवा प्रसारण संस्थाको हित विपरीत हुने कुनै काम गरेमा,<br>(च) मानसिक अस्वस्थताको कारणले काम कारवाही गर्न असमर्थ भएमा । |
| १४. | १५ | कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार | यस दफामा कार्यकारी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्ने,<br>(ख) कार्यकारी समितिको बैठकको कार्यसूची तयार गर्ने वा गराउने,<br>(ग) परिषद्को बैठक व्यवस्थापन गर्ने,<br>(घ) परिषद् तथा कार्यकारी समितिको बैठकका निर्णय कार्यान्वयन गर्ने वा गराउने,<br>(ङ) मन्त्रालयको स्वीकृति लिई सार्वजनिक सेवा प्रसारण संस्थाको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थासँग सम्बन्ध स्थापित गर्ने,<br>(च) सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी समितिले अधिकार प्रत्यायोजन गरेका कार्य गर्ने,<br>(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। |
| १५. | १६ | कार्यकारी समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा बैठक र निर्णय | यस दफामा कार्यकारी समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा मन्त्रालयले तोकेको कार्यकारी समितिको सदस्यले बैठकको अध्यक्षता गर्ने र मन्त्रालयले तोकेको कार्यकारी समितिको सदस्यले अर्को व्यवस्था नभएसम्म कार्यबाहक अध्यक्षको हैसियतमा कार्यकारी समितिको बैठक बोलाउन र कार्यकारी समितिको सम्पूर्ण काम कारबाही सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । |
| १६. | १७ | प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• कार्यकारी समितिको अध्यक्षको सामान्य निर्देशन तथा नियन्त्रणमा रही सार्वजनिक सेवा प्रसारण संस्थाको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।<br>• कार्यकारी समितिले सार्वजनिक सेवा प्रसारण संस्थाको वरिष्ठ कर्मचारीहरु मध्येबाट सार्वजनिक सेवा प्रसारण संस्थाको प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्नेछ।<br>• प्रमुख प्रशासकीय अधिकृतको पदावधि, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ। |
| १७. | १८ | प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार | यस दफामा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः- |

| | | | |
|---|---|---|---|
| | | | • सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी अध्यक्ष समक्ष पेश गर्ने,<br>• वार्षिक कार्यक्रमको कार्यान्वयनको लागि कार्ययोजना बनाई अध्यक्ष समक्ष पेश गर्ने,<br>• सार्वजनिक सेवा प्रसारण संस्थाका कर्मचारीको कार्यको रेखदेख, समन्वय, नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>• अध्यक्षको निर्देशन अनुसार कार्यकारी समितिको बैठक बोलाउने,<br>• तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने । |
| १८. | १९ | सार्वजनिक सेवा प्रसारण संस्थाको कोष | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाको काम कारबाहीलाई प्रभावकारी रुपले सञ्चालन गर्न एक कोष रहने र कोषमा देहाय बमोजिमका रकम रहने व्यवस्था गरिएको छः-<br>(क) नेपाल सरकारबाट प्राप्त अनुदान,<br>(ख) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान,<br>(ग) विदेशी सरकार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,<br>(घ) सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम । |
| १९. | २० | लेखापरीक्षण | यस दफामा कोषको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम राखिने, सार्वजनिक सेवा प्रसारण संस्थाको कोषको प्रचलित संघीय कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सार्वजनिक सेवा प्रसारण संस्थाको कोषको आय-व्ययको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुने व्यवस्था गरिएको छ। |
| २०. | २१ | श्रोता तथा दर्शक समूह गठन गर्न सकिने | यस दफामा देहाय बमोजिमको व्यवस्था गरिएको छः-<br>• सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूह गठन गर्न सक्ने,<br>• समूहको काम, कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। |
| २१. | २२ | कर्मचारी सम्बन्धी व्यवस्था | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्नो कार्य सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्न सक्ने, सार्वजनिक सेवा प्रसारण संस्थामा कुनै विज्ञ व्यक्ति वा समाचार वाचकलाई करार सेवा वा ज्यालादारीमा काममा लगाउन सकिने र यस ऐन बमोजिम कर्मचारीको नियुक्ति, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २२. | २३ | प्रसारणमा फ्रिक्वेन्सीको सुनिश्चितता | यस दफामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण फ्रिक्वेन्सीको पहिलो प्राथमिकता सार्वजनिक सेवा प्रसारण संस्थालाई दिनु पर्ने र नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण संस्थालाई उपलब्ध गराउने प्रसारण फ्रिक्वेन्सीमा कुनै शुल्क लाग्ने छैन भन्ने व्यवस्था गरिएको छ । |

| | | | |
|---|---|---|---|
| २३. | २४ | संक्रमणकालीन व्यवस्था | यस दफामा नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा देहाय बमोजिम रुपान्तरण गरिने व्यवस्था गरिएको छः-<br>(क) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत रहेका दरबन्दीहरुलाई सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरवन्दी पुनर्संरचना गरिनेछ।<br>(ख) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा कार्यरत स्थायी_कर्मचारीहरु खण्ड (क) बमोजिम कायम गरिएको मिल्दो दरवन्दी (पद, तह र श्रेणी) मा समायोजन हुनेछन् ।तर करारमा नियुक्त वा सम्झौता भई कार्यरत कर्मचारीहरुको हकमा सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता अनुसार मात्र व्यवस्थापन गरिनेछ।<br>(ग) खण्ड (ख) बमोजिम मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरुलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिनेछ। तर सो अवधि अनिवार्य अवकाश हुने उमेर भन्दा बढी हुने गरी गणना गरिने छैन।<br>(घ) खण्ड (ख) बमोजिम समायोजन भएको कर्मचारीको सेवा सुविधा निजले खाईपाई आएको सेवा सुविधा भन्दा कम हुने छैन ।<br>(ङ) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेको नेपाल टेलिभिजन र रेडियो नेपालको चल, अचल सम्पति र दायित्व यो ऐन प्रारम्भ भएपछि सार्वजनिक सेवा प्रसारण संस्थाको नाउँमा सर्नेछ ।<br>(च) यो ऐन बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी समिति गठन नभएसम्म नेपाल टेलिभिजन र रेडियो नेपालको सञ्चालक समितिले यथावत रुपमा कार्य गर्ने छन् ।<br>(छ) रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन नेपाल सरकारले तोके बमोजिम हुनेछ । |
| २४. | २५ | नेपाल सरकारले निर्देशन दिन सक्ने | यस दफामा यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण संस्थालाई आवश्यकता अनुसार निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ । |
| २५. | २६ | वार्षिक प्रतिवेदन | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था गरिएको छ । |
| २६. | २७ | वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने नेपाल सरकारसँग सम्पर्क | यस दफामा सार्वजनिक सेवा प्रसारण संस्थाले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था गरिएको छ । |
| २७. | २८ | नियम बनाउने अधिकार | यस दफामा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गरिएको छ । |

| | | | |
|---|---|---|---|
| २८. | २९ | कार्यविधि तथा विनियमावली बनाउने अधिकार | यस दफामा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सार्वजनिक सेवा प्रसारण संस्थाले आवश्यक कार्यविधि तथा विनियमावली बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको छ । |
| २९. | ३० | खारेजी र बचाउ | यस दफामा देहाय बमोजिमको व्यवस्था गरिएको छः-<br>• सञ्चार संस्थान ऐन, २०२८ र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ खारेज गरिएको छ।<br>• सञ्चार संस्थान ऐन, २०२८ र रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ। |